# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कावासोती नगरपालिका, नवलपुर , कावासोती नगरपालिका , नवलपरासी पूर्व भाग

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | पिताम्बर पाण्डे | २०७९-५-२७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रमेश घर्ति | २०७७-११-१० | २०७८-१०-२६ |
| लेखा प्रमुख | मदन गौतम | २०७५-१२-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,७८९,९३६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २८,११,२९,०३२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६१,१५,३५,६१५ | चालु खर्च | ६७,४६,४७,७३७ |
| प्रदेश सरकारबाट अनुदान | २,९४,६२,००० | पूँजीगत खर्च | ३८,९९,०२,९५२ |
| राजश्व बाँडफाँट | १९,६२,१५,६७४ | वित्तीय/अन्य व्यवस्था | ३३,३४,४७,७७० |
| आन्तरिक आय | ८,०८,४६,९८८ | | |
| अन्य आय | ३५,७१,६७,११७ | | |
| कुल आय | १,२७,५२,२७,३९४ | कुल खर्च | १,३९,७९,९८,४५९ |
| बाँकी मौज्दात | | १५,८३,५७,९६७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।१०।११ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचयः<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १७ वडा, ८७सभा सदस्य, ११४वर्ग किलोमिटर क्षेत्रफल तथा ६२४२१ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>सञ्चितकोषको हिसाबः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः
<table>
<tr><th colspan="7">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><td>विवरण</td><td>टिप्पणी</td><td>यस वर्ष रु.</td><td></td><td></td><td>गतवर्ष रु.</td><td></td></tr>
<tr><td></td><td></td><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/ भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/ भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>१,१४,९६,६२,४०६.१०</td><td>१,०३,६९,०५,३३२.०१</td><td>१,०३,६९,०५,३३२.०१</td><td>१,००,४९,०९,०१३.७३</td><td>१,००,४९,०९,०१३.७३</td></tr>
<tr><td>क. प्राप्ति</td><td></td><td>१,०८,२७,९१,९९९.००</td><td>९३,९९,४९,९२९.१४</td><td>९३,९९,४९,९२९.१४</td><td>९८,७६,२६,९७८.७३</td><td>९८,७६,२६,९७८.७३</td></tr>
</table></td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (संचितकोषमा आम्दानी बाँधिने) | | | | | | | | |
| | | | | ११००० कर | 11 | २२,५२,५४,०००.०० | २२,१६,५७,५९५.२५ | २२,१६,५७,५९५.२५ | २०,४६,११,६४२.८१ | २०,४६,११,६४२.८१ | | |
| | | | | १३००० अनुदान | | ७२,०९,४३,०००.०० | ६६,२८,८७,२६७.१५ | ६६,२८,८७,२६७.१५ | ७२,०६,१४,३१५.५० | ७२,०६,१४,३१५.५० | | |
| | | | | संघीय सरकार | 12 | ६५,५१,४४,०००.०० | ६१,१५,३५,६१४.८० | ६१,१५,३५,६१४.८० | ६७,८८,००,२६६.०० | ६७,८८,००,२६६.०० | | |
| | | | | प्रदेश सरकार | 12 | ३,५७,९९,०००.०० | २,९४,६२,०००.०० | २,९४,६२,०००.०० | १,७७,४५,०००.०० | १,७७,४५,०००.०० | | |
| | | | | जनसहभागिता | | ३,००,००,०००.०० | २,१८,८९,६५२.३५ | २,१८,८९,६५२.३५ | २,४०,६९,०४९.५० | २,४०,६९,०४९.५० | | |
| | | | | १४००० अन्य राजस्व | | १३,६४,४४,९९९.०० | ५,५२,७७,०६६.७४ | ५,५२,७७,०६६.७४ | ६,२४,०१,०२०.४२ | ६,२४,०१,०२०.४२ | | |
| | | | | १५००० विविध प्राप्ति | | १,५०,०००.०० | १,२८,०००.०० | १,२८,०००.०० | 0 | 0 | | |
| | | | | ख. अन्य प्राप्ति | | ६,६८,७०,४०७.१० | ९,६९,५५,४०२.८७ | ९,६९,५५,४०२.८७ | १,७२,८२,०३५.०० | १,७२,८२,०३५.०० | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | 0 | 0 | 0 | 0 | 0 | | |
| | | | | कोषहरु | | ६,६८,७०,४०७.१० | ५,२८,४३,५९२.८७ | ५,२८,४३,५९२.८७ | ४५,९१,९७६.०० | ४५,९१,९७६.०० | | |
| | | | | धरौटी | | 0 | ४,४१,११,८१०.०० | ४,४१,११,८१०.०० | १,२६,९०,०५९.०० | १,२६,९०,०५९.०० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0 | 0 | 0 | 0 | 0 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भुक्तानी (ग+घ) | | १,३९,५८,९९,८३२.९३ | १,१५,२७,१९,४९६.०८ | १,१५,२७,१९,४९६.०८ | ८९,३७,९५,७३७.४९ | ८९,३७,९५,७३७.४९ | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,३२,९०,२९,४२५.८३ | १,०६,४५,५०,६९०.०८ | १,०६,४५,५०,६९०.०८ | ८७,६०,०६,३५४.४९ | ८७,६०,०६,३५४.४९ | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | 18 | २९,२१,२२,७९०.०० | २८,५२,२२,११७.८० | २८,५२,२२,११७.८० | २५,९०,१२,६७५.०७ | २५,९०,१२,६७५.०७ | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | 18 | ३१,६८,५८,६५३.०० | २६,६९,९३,६२८.०१ | २६,६९,९३,६२८.०१ | १६,३२,८९,८४१.४२ | १६,३२,८९,८४१.४२ | |
| | | | | २५००० सहायता (Subsidy) | 18 | १४,००,०००.०० | १०,४८,६४४.०० | १०,४८,६४४.०० | ६,६०,०००.०० | ६,६०,०००.०० | |
| | | | | २६००० अनुदान | 18 | 0 | 0 | 0 | १,८५,०००.०० | १,८५,०००.०० | |
| | | | | २७००० सामाजिक सुरक्षा | 18 | १,९८,८१,५४०.०० | ७९,७२,७०७.०० | ७९,७२,७०७.०० | ४७,७९,८७८.०० | ४७,७९,८७८.०० | |
| | | | | २८००० अन्य खर्च | 18 | १३,३५,४३,०९०.८३ | ११,३४,१०,६४०.६० | ११,३४,१०,६४०.६० | १६,०४,४७०.०० | १६,०४,४७०.०० | |
| | | | | ३१००० गैर वित्तीय | 18 | ५६,५२,२३,३५२.०० | ३८,९९,०२,९५२.६७ | ३८,९९,०२,९५२.६७ | ४४,६४,७४,४९०.०० | ४४,६४,७४,४९०.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्पत्ती / पूँजीगत खर्च | | | | | | | |
| | | | घ. अन्य भूक्तानी | | ६,६८,७०,४०७.१० | ८,८१,६८,८०६.०० | ८,८१,६८,८०६.०० | ८९,३७,९५,७३७.४९ | ८९,३७,९५,७३७.४९ | |
| | | | कोषहरु | | ६,६८,७०,४०७.१० | ४,१६,५९,६२७.०० | ४,१६,५९,६२७.०० | १,३९,६६,८५४.०० | १,३९,६६,८५४.०० | |
| | | | धरौटी | | 0 | ४,६५,०९,१७९.०० | ४,६५,०९,१७९.०० | ३८,२२,५२९.०० | ३८,२२,५२९.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | 0 | 0 | 0 | 0 | 0 | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (२४,६२,३७,४२६.८३) | (११,५८,१४,१६४.०७) | (११,५८,१४,१६४.०७) | ११,११,१३,२७६.२४ | ११,११,१३,२७६.२४ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २८,११,२९,०३२.५० | २८,११,२९,०३२.५० | २७,९७,१४,१५२.३१ | २७,९७,१४,१५२.३१ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (२४,६२,३७,४२६.८३) | १६,५३,१४,८६८.४३ | १६,५३,१४,८६८.४३ | ३९,०८,२७,४२८.५५ | ३९,०८,२७,४२८.५५ | |
| | | | बैंक तथा नगद बाकी | 24 | | १५,८३,५७,९६८.४३ | १५,८३,५७,९६८.४३ | १६,१६,२५,२०८.६२ | १६,१६,२५,२०८.६२ | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १९१ जनाको दरबन्दी रहेकोमा १७५ जनाको पदपूर्ति भइ १६ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. ५०३४९५५२।- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट व्यवस्थापनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री प्रमशंकर मर्दनीले मिति २०७८।३।१० गते रु. ९६ करोड ३४ लाख ३८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५.२ | | | **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष भैपरी र प्रकोप व्यवस्थापनकोष शिर्षकमा एकमुष्ट रुपमा रु. ३९३८९२०६।- बजेट राखेकोमा कार्यक्रम तोकेको छैन । आबण्डा रकम राख्ने चलन भएपनि वार्षिक नीति तथा कार्यक्रम र बजेटको सिद्धान्त विपरित भएकोले बजेट अवण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.३ | | | **बजेट सीमा निर्धारण समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले वैशाख १० गते मात्र उपलब्ध गराएको र समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **चौमासिक पूँजीगत खर्च**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले तेस्रो चौमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | 389902 | 64294 | 80935 | 244672 | 133970 |
| | प्रतिशत | 16.49 | 20.76 | 62.75 | 34.36 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | **गत बर्षको दायित्व**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ७५२५५०५५।- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) |
|---|---|---|---|
| 1. | आर्थिक विकास | 70511 | 53133 |
| 2. | पूर्वाधार विकास | 431934 | 286881 |
| 3. | सामाजिक विकास | 484054 | 437105 |
| 4. | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | 61298 | 44274 |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | 281230 | 243156 |
| जम्मा | | 1329027 | 1064549 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.७ | | | **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्: | |

| क्र. स. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| 1. | रु.१ लाखभन्दा कमको योजना | 15 | 459 |
| 2. | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | 257 | 66950 |
| 3. | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | 61 | 48370 |
| 4. | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | 113 | 409354 |
| 5. | रु. ५० लाख भन्दा माथिका | 11 | 107040 |
| | जम्मा | 457 | 632173 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.८ | | | **खर्च बिश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु· ८०८४६९८८।- , राजश्व बाँडफाँड र अनुदानबाट रु· ८३७२१३२८९।- सामाजिक सुरक्षाकोष (अन्यआय) रु·३५७१६७११७।- तथा गतवर्षको जिम्मेवारी रु.२८११२९०३२।- समेत गरि रु.१५५६३५६४२६।- जम्मा आम्दानी भएकोमा चालु तर्फ रु.६७४६४७७३७।–, पूँजीगत तर्फ रु. ३८९९०२९५२।- र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था खर्च) तर्फ रु. ३३३४४७७७०।- समेत रु.१३९७९९८४५९।- जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.७८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. २००१२८५८।- खर्च भएको छ, जुन आन्तरिक आयको प्रतिशत २४·७५ रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.२६ प्रतिशत चालु , २७·८९ प्रतिशतमात्र पूँजीगत निर्माणमा तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था खर्च) २३.८५ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ५.९ | | | **कार्यक्रम तथा प्रगति-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्यत्र अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट न्यून विनियोजन, जग्गा विवाद तथा लागत सहभागिता नभएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं.१३ (गत आ.ब को म्याद थप) | २९,९७ | ० | ०.०० |
| २ | अधुरा आधारभूत स्वास्थ्य कार्यालय भवनहरु निर्माण | २०,०० | ० | ०.०० |
| ३ | दलित सामुदायीक भवन निर्माण वडा नं. १३ | २,०० | ० | ०.०० |
| ४ | वडा कार्यालयहरु स्तरोन्नती क्रमागत समेतका लागी वडा नं. १,३ र ११ | १५,०० | ० | ०.०० |
| ५ | कोभिड-१९ रुवकथामतथा नियन्त्रणका लागी एम्बुलेन्स खरिद कावासोती १२ र १७ | २०,०० | ० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | नगरपालिकाको नयाँ भवनमा Digital Citizen Charter राख्ने | ५,०० | ० | ०.०० | | |
| | | | | ७ | आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागी कम्प्युटर प्रिन्टर खरिद | ६,०० | ० | ०.०० | | |
| | | | | ८ | स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुको लागी डिफ्रिज रेफ्रिजेरेटर खरिद | १,०० | ० | ०.०० | | |
| | | | | ९ | सहकारीलाई कम्प्युटर तथा प्रिन्टर ब्यबस्थापन | ६,०० | ० | ०.०० | | |
| | | | | १० | नमूना शान्तीटोल देखी केरुङ्गे खोला जाने बाटो स्तरोन्नती कावासोती-१६ | ५,०० | ० | ०.०० | | |
| | | | | ११ | दशघरे चोक देखी वडा कार्यालय सम्म नाला निर्माण कावासोती-५ | ९,०० | ० | ०.०० | | |
| | | | | १२ | सातघरे त्रिभुवनटार सडक खण्ड बाटो कालोपत्रे कावासोती-१६ | १७,०० | ० | ०.०० | | |
| | | | | १३ | मोहन पुनको घरदेखी उत्तर तर्फको खोलामा कल्भट्मा थप | २,०० | ० | ०.०० | | |
| | | | | १४ | रिङ्ग रोड वडा नं.०५ (म्याद थप) | ५०,०० | ० | ०.०० | | |
| | | | | १५ | सुवेदार चोक देखी झोझाड बाटो कालोपत्रे कावासोती-१४ | १८,०० | ० | ०.०० | | |
| | | | | १६ | त्रिभुवनी भित्री कृषि मार्ग ग्रावेल | १,५० | ० | ०.०० | | |
| | | | | १७ | वडा नं. ७ को बोटे टोलमा कल्भर्ट निर्माण | १,५० | ० | ०.०० | | |
| | | | | १८ | चिसापानी बाटो कालोपत्रे वडा नं. १७ | ५,०० | ० | ०.०० | | |
| | | | | १९ | पूर्वटोल बाटो कालोपत्रे मर्मत कावासोती-६ | ३,०० | ० | ०.०० | | |
| | | | | २० | वडा नं. ७ र १० को सिमानामा पर्ने केरुङ्गे खोलामा कल्भर्ट निर्माण | २,०० | ० | ०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | कल्भर्ट निर्माण अधुरो वडा नं. १० | १,०० | ० | ०.०० | | |
| | | | | २२ | वडा नं. १२ र १३ जोड्ने ओरालो सडक स्तरोन्नती | २,०० | ० | ०.०० | | |
| | | | | २३ | कुश्नहरी हुलाकी सडक पुल तट्बन्धन कावासोती-१३ | ५,०० | ० | ०.०० | | |
| | | | | २४ | बेलटाँडी कालोपत्रे कावासोती-१५ | २६,०० | ० | ०.०० | | |
| | | | | २५ | बनदेउरी कल्भर्ट निर्माण वडा नं. ७ | १,५० | ० | ०.०० | | |
| | | | | २६ | वडा नं. २ बाटो निर्माणको नपुग रकम भुक्तानी बाँकी | १,०० | ० | ०.०० | | |
| | | | | २७ | कुश्नहरी चोक देखी वडा कार्यालय जाने बाटो कालो पत्रे वडा नं. ४ | २०,०० | ० | ०.०० | | |
| | | | | २८ | नगरपालिका पूर्वनाला निर्माण सुधार | ७,०० | ० | ०.०० | | |
| | | | | २९ | सालघारी चोक देखी रिङ्गरोड सम्म बाटो कालोपत्रे कावासोती-४ | १०,०० | ० | ०.०० | | |
| | | | | ३० | वडा नं. १३ सितामणी कुश्नरी सडक स्तरोन्नती | ५,०० | ० | ०.०० | | |
| | | | | ३१ | अभिवन कल्भर्ट निर्माण वडा नं. १७ | २,०० | ० | ०.०० | | |
| | | | | ३२ | बाटो मर्मत वडा नं. ६ पूर्वटोल | २,०० | ० | ०.०० | | |
| | | | | ३३ | जनचेतना प्रा.बि देखी शेर बहादुरको घर सम्म बाटो कालोपत्रे कावासोती-१० | १३,०० | ० | ०.०० | | |
| | | | | ३४ | आधाभूत स्वास्थ्य केन्द्र जाने बाटो मर्मत तथा स्तरोन्नती वडा नं.११ (गत आ.ब को भुक्तानी बाँकी) | ५५ | ० | ०.०० | | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३५ | बाढी नियन्त्रणको लागी तारजाली खरिद | ५,०० | ० | ०.०० | | |
| | | | | ३६ | सिंचाई बोरिङ्ग निर्माण अपुग वडा नं. ३ | १,०० | ० | ०.०० | | |
| | | | | ३७ | वडा नं. ६ अधुरो सिंचाई बोरिङ्ग | २,०० | ० | ०.०० | | |
| | | | | ३८ | गुन्द्रहीढकाहा मध्यबर्ती सामुदायीक बन अधुरो मचान नि. | ५,०० | ० | ०.०० | | |
| | | | | ३९ | बाल उधान कावासोती-५ | २,०० | ० | ०.०० | | |
| | | | | ४० | नगर परिसरमा गैंडा तथा गिद्धको शालीक निर्माण ब्यबस्थापन | ६,०० | ० | ०.०० | | |
| | | | | ४१ | भ्यु टावर रिटेनिङ्ग वाल निर्माण | ५,०० | ० | ०.०० | | |
| | | | | ४२ | डणवारदेवी कोटटाँडी मन्दिर निर्माण वडा नं. १४ | १,५० | ० | ०.०० | | |
| | | | | ४३ | कठौना र गुन्द्रही जोड्ने पुलको दायाँबायाँ पानीको बहाव ब्यबस्थापन वडा नं. १५ | ४,०० | ० | ०.०० | | |
| | | | | ४४ | बाल उधान कावासोती-४ | १,०० | ० | ०.०० | | |
| | | | | ४५ | कालिका मन्दिर वडा नं. १३ | १,०० | ० | ०.०० | | |
| | | | | ४६ | बृद्धाश्रममा होमन कुण्ड निर्माण वडा नं.१२ | १,०० | ० | ०.०० | | |
| | | | | ४७ | चिलाहा रतवल सामुदायीक होमस्टे गेट निर्माण | १,५० | ० | ०.०० | | |
| | | | | ४८ | लामीचौर सामुदायीक होमस्टे भवन सहयोग वडा नं. ७ | २,०० | ० | ०.०० | | |
| | | | | ४९ | मानव बन्यजन्तु द्वन्द न्युनिकरण (म्याद थप) | ३०,५० | ० | ०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५० | दुर्गा मन्दिर मर्मत सुधार वडा नं. ६ | १,०० | ० | ०.०० | | |
| | | | | ५१ | चणंडेश्वरी मा.बि गेट निर्माण | १,५० | ० | ०.०० | | |
| | | | | ५२ | रगंसाला निर्माण कावासोती-६ | १८,०० | ० | ०.०० | | |
| | | | | ५३ | कालीका म.बि वडा नं. ५ मर्मत तथा संरक्षण | २,०० | ० | ०.०० | | |
| | | | | ५४ | वडा कार्यालय मर्मत वडा नं.-१४ | २,०० | ० | ०.०० | | |
| | | | | ५५ | समपूरक कोष | १,६४,८७ | ० | ०.०० | | |
| | | | | ५६ | घुमाउरी माथिल्लो बाटो स्तरोन्नती | ५,०० | ० | ०.०० | | |
| | | | | ५७ | बाटो मर्मत तथा स्तरोन्नती | १,०० | ० | ०.०० | | |
| | | | | ५८ | सडक बत्ति ब्यबस्थापन | ३,०० | ० | ०.०० | | |
| | | | | ५९ | जनता मा.बि बस खरिद | ५,०० | ० | ०.०० | | |
| | | | | ६० | पर्यापर्यटन पार्क डि.पि.आर निर्माण | २,८० | ० | ०.०० | | |
| | | | | ६१ | मोहन पुनको घर देखी उत्तर तर्फको खोलामा कल्भर्ट निर्माण तथा बाटो ग्रावेल र ऐटघाट चोकमा प्रतिक्षालय सहित नाला निर्माण | ६,०० | ० | ०.०० | | |
| | | | | ६२ | कावासोती-७ उज्यालो बनाउनका लागी सडक बत्ती | ५,०० | ० | ०.०० | | |
| | | | | ६३ | साविक वडा नं. २ को महिला भवन कटान नियन्त्रण र रामनगरको पूल दक्षीण तर्फ तट्बन्धन निर्माण | १,८५ | ० | ०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६४ | ईन्द्रचोक भित्री मार्ग मोजाईक टायल | ३,०० | ० | ०.०० | |
| | | | | ६५ | रमाईलो टोल वडा नं. ९ देखी वडा नं. ८ जोड्ने बाटो कालोपत्रे | ९,०० | ० | ०.०० | |
| | | | | ६६ | बिधुत तार पोल जडान तथा सार्ने काम | ५,०० | ० | ०.०० | |
| | | | | ६७ | जल उत्पन्न प्रकोप नियन्त्रणका लागी ह्युमपाईप खरिद तथा बाढी पहिरो नियन्त्रण एवं मेशिनरी संचालन खर्च | २,८५ | ० | ०.०० | |
| | | | | ६८ | तटबन्धन निर्माण कुश्नहरी | ५,०० | ० | ०.०० | |
| | | | | ६९ | शान्ति टोल नहर निर्माण बुढौली कुना | ७,०० | ० | ०.०० | |
| | | | | ७० | त्रिभुवनटार बाटो कालोपत्रे | १४,०० | ० | ०.०० | |
| | | | | ७१ | श्रृजनशिल टोलको बाटो कालोपत्रे तथा कुमारी टोलको अधुरो ३० मि. समेत | २०,३० | ० | ०.०० | |
| | | | | ७२ | चिसापानी बाटो कालोपत्रे (निल प्रसाद पुडासैनिको घर देखी दक्षिण तर्फ) | १०,०० | ० | ०.०० | |
| | | | | ७३ | कन्हैया कृषक समूह ढोकिको मलखाद भण्डारण ट्रस भवन सहयोग | १,२० | ० | ०.०० | |
| | | | | ७४ | फस्राघाट झो.पु, कावासोती नगरपालिका, नवलपरासी -बर्दघाट सुस्ता पूर्व | ५,०० | ० | ०.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **वित्तीय विवरण परीक्षणः**<br>**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ३९३१४७९०३।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २८११२९०३२।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ११२०१८८७१।- घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ । | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ७.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, १० वटा कार्यविधि, १ वटा निर्देशिका, २ वटा मापदण्ड, १ वटा नीति लगायत १६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त सबै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११६ र यो बर्ष थप भएको १६४ गरी कुल २८० विवाद दर्ता भएकोमा १५२ वटा मात्र फछ्र्यौट भई १२८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । विभिन्न पदमा ११४ जना स्वीकृत दरबन्दी भित्रनै कर्मचारीहरु करारमा राखि रु. २८८६१०००।- खर्च लेखेको छ । | |
| ८.२ | | | **कल्याण कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १५०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।<br><br>निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ८.३ | | | **स्वास्थ्य सेवा प्रवाह**- यस पालिका अन्तरगत १७ वटा स्वास्थ्य संस्थामा ७२ स्वाथ्य कर्मीको दरबन्दी रहेकोमा ३२ जना स्थायी तथा ३१ जना करारमा राखि सेवा प्रवाह भएको देखियो । स्वास्थ्य संस्थाले बालबालिका र गर्भवती महिलालाई खोप सेवा, पोषण सेवा( बच्चाको तौल लिने, कुपोषित बच्चाको उपचार गर्ने,पोषण परामर्श आदि) ,परिवार नियोजन सेवा र परामर्श, सामान्य बिरामी जांच र उपचार सेवा, क्षयरोग उपचार सेवा, कुष्ठरोग जांच र उपचार सेवा, मलेरिया जांच र उपचार सेवा, सुरक्षीत मातृत्व सेवा( गर्भवती जांच, सुत्केरी सेवा, सुत्केरी जांच ), सुचिकृत गरिएका औषधि निशुल्क बितरण ,बालरोग उपचार सेवा, गर्भवती लाई एचआईभी परिक्षण सेवा, आदि सबै सेवा निशुल्क रुपमा दिँदै आएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **सेवा प्रवाह विवरणः**<br>**सेवाप्रवाह-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो । साथै देखाइएकोमा अन्य कुन–कुनमा हो भनी यकिन हुन सकिएन ।<br><br>विवरण \| जम्मा<br>घटना दर्ता \| ४३६६<br>घरबाटो सिफारिष \| पेश नगरेको<br>नागरिकता सिफारिष \| पेश नगरेको<br>नाता प्रमाणित \| पेश नगरेको<br>अन्य \| पेश नगरेको | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १०.१ | | | **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन । | |
| १०.३ | | | **सवारीसाधन खरिद**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानी<br><br>य तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ५०००००  बजेटबाट खर्च गरेको छ ।<br><br>सि.नं / सवारी साधन / संख्या / रकम<br>१ / मोटरसाइकल र स्कुटर / २ / 500000 | |
| ११ | | | **आर्थिक सहायता र अन्य विविध खर्चः** | |
| ११.१ | | | **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकालेले यस वर्ष कुल ७ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ४३००००।- खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **विविध खर्च**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३२०००००।- खर्च गरेको छ । | |
| ११.३ | | | **आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ८८१७२३।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १२ | | | **राजस्व तथा करः**<br>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः | |

| आ.व. : २०७८/७९ प्रकार : आन्तरिक राजस्व खाता महिना : असार ( रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| सि.नं. | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | आम्दानी प्रतिशत |
| १ | एकीकृत सम्पती कर | 25000000 | 6305219 | 25.22 |
| २ | भुमिकर/मालपोत | 5000000 | 8747993 | 174.96 |
| ३ | घरजग्गा रजिष्टेशन दस्तुर | 60000000 | 0 | 0.00 |
| ४ | घरवहाल कर | 8500000 | 9761079 | 114.84 |
| ५ | वहाल विटौरी कर | 1000000 | 482923 | 48.29 |
| ६ | अन्य कर | 50000 | 144707 | 289.41 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | पर्यटन शुल्क | 500000 | 0 | 0.00 | |
| | | | ८ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | 10200000 | 0 | 0.00 | |
| | | | ९ | अन्य बिक्रीबाट प्राप्त रकम | 10000 | 0 | 0.00 | |
| | | | १० | अन्य सेवा शुल्क तथा बिक्री | 500000 | 413620 | 82.72 | |
| | | | ११ | न्यायिक दस्तूर | 10000 | 16100 | 161.00 | |
| | | | १२ | शिक्षा क्षेत्रको आम्दानी | 200000 | 8000 | 4.00 | |
| | | | १३ | अन्य प्रशासनिक सेवा शुल्क | 400000 | 1500 | 0.38 | |
| | | | १४ | पार्किङ्ग शुल्क | 50000 | 0 | 0.00 | |
| | | | १५ | नक्सापास दस्तुर | 5000000 | 3157355 | 63.15 | |
| | | | १६ | सिफारिश दस्तुर | 9000000 | 10798822 | 119.99 | |
| | | | १७ | व्यक्तिगत घटना दर्ता दस्तुर | 100000 | 532000 | 532.00 | |
| | | | १८ | नाता प्रमाणित दस्तुर | 200000 | 1527000 | 763.50 | |
| | | | १९ | अन्य दस्तुर | 11500000 | 1624046 | 14.12 | |
| | | | २० | व्यावसाय रजिष्ट्रेशन दस्तुर | 8500000 | 2631671 | 30.96 | |
| | | | २१ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | 5000 | 0 | 0.00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २२ | अन्य क्षेत्रको आय | 31609999 | 25789221 | 81.59 | | |
| | | | | २३ | न्यायिक दण्ड जरिवाना र जफत | 50000 | 15000 | 30.00 | | |
| | | | | २४ | प्रशासनिक दण्ड जरिवाना र जफत | 1000000 | 1538552 | 153.86 | | |
| | | | | २५ | प्रदुषण नियन्त्रण शुल्क | 5000000 | 0 | 0.00 | | |
| | | | | | जम्मा | 183384999 | 73494808 | 40.08 | | |
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणमा आन्तरिक आय तर्फ रु. ८०८४६९८८।- आम्दानी देखाएकोमा सुत्रबाट तयार भएको आन्तरिक राजश्व खातामा रु. ७३४९४८०८।- देखिन्छ । यसरी एकिकृत आय व्यय र सुत्रबाट तयार भएको विवरणमा फरक देखिएको रकम सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । | | | | | | | |
| १३ | | | **अन्यः** | | | | | | | |
| १३.१ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८।०७९ मा कन्टीन्जेन्सी बापत रु. ५७०६४०।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम– स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमागोरेटोबाटो, सिडि तथा बाटो सोलिङ निर्माण जस्ता लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६५ जनालाई रोजगारी उपलव्ध गराई रु. २८९४४२२।- खर्च गरेको छ । लक्षित वर्गलाई ४२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>डीपीआर खर्च- बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr>
<tr><td>वडा नं. ६, र १६ को भवन डि.पि.आर</td><td>अल नेपाल कन्सल्टेन्सी सर्भिसेस</td><td>490000</td></tr>
<tr><td>फोहोर मैला व्यवस्थापन आइ.इ.इ</td><td>परिचय</td><td>345780</td></tr>
<tr><td>कावासोती ताल आइ.इ.इ</td><td>एसटी इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.</td><td>344650</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td>1180430</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले डि.पि.आर. निर्माणको क्रममा प्राविधिक जनशक्ति पदपूर्ती भइ नसकेको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जावाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>शिक्षाः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

विद्यालयगत शिक्षक दरबन्दी र विद्यार्थी संख्या विवरण २०७९

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | तहगत दरबन्दी विवरण | | |
|---|---|---|---|---|---|
| | | | शिक्षक दरबन्दी | पदपूर्ति मध्ये राहत र करार | विद्यार्थी संख्या (२०७९) |
| 1 | माझी प्रा.वि., शेरगञ्ज | कावासोती-१५ | 2 | 1 | 46 |
| 2 | जलदेवी प्रा.वि., बालुवाडाँडा | कावासोती-१ | 2 | 1 | 19 |
| 3 | नारायणी प्रा.वि., टरुवा | कावासोती-७ | 3 | 2 | 79 |
| 4 | सूर्योदय प्रा.वि., साँढ | कावासोती-७ | 3 | 2 | 39 |
| 5 | सरस्वती जनजागृति प्रा.वि., साँढ | कावासोती-७ | 3 | 0 | 43 |
| 6 | जनचेतना प्रा.वि., रतवल | कावासोती-१० | 3 | 2 | 64 |
| 7 | कावासोती प्रा.वि., बगैंचा | कावासोती-९ | 3 | 3 | 72 |
| 8 | नारायणी प्रा.वि., अमलटारी | कावासोती-१७ | 3 | 2 | 63 |
| 9 | नारायणी प्रा.वि., लौगाई | कावासोती-११ | 3 | 3 | 42 |
| 10 | | | 4 | 3 | 126 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कालिका प्रा.वि., बुढौली कुना | कावासोती-१३ | | | | | |
| | | | | 11 | शान्ति प्रा.वि., गैरी | कावासोती-१३ | 5 | 2 | 133 | | |
| | | | | 12 | सन्तुदेवी राष्ट्रिय प्रा.वि., पिठौली | कावासोती-१२ | 3 | 0 | 89 | | |
| | | | | 13 | राजरत्न प्रा.वि., राजमन्दिर | कावासोती-१२ | 5 | 1 | 146 | | |
| | | | | 14 | बालकल्याण प्रा.वि., अग्यौली | कावासोती-१४ | 4 | 0 | 112 | | |
| | | | | 15 | चन्द्रहँस प्रा.वि., अग्यौली | कावासोती-१४ | 4 | 0 | 167 | | |
| | | | | 16 | सिंहनाथ प्रा.वि., बरौली | कावासोती-१५ | 3 | 3 | 118 | | |
| | | | | 17 | दुर्गा भवानी प्रा.वि., बाघखोर | कावासोती-१५ | 3 | 3 | 56 | | |
| | | | | 18 | जनविकास आ. वि., २८ विगाहा | कावासोती-३ | 7 | 6 | 142 | | |
| | | | | 19 | नवदुर्गा आ. वि., भाट्टोला | कावासोती-२ | 8 | 3 | 254 | | |
| | | | | 20 | महाराजा आ. वि., हात्तीखोर | कावासोती-१ | 7 | 3 | 207 | | |
| | | | | 21 | गोसाइबाबा आ.वि., चिसापानी | कावासोती-१७ | 7 | 6 | 196 | | |
| | | | | 22 | ने.रा.आ.वि., कुँढौली | कावासोती-११ | 8 | 4 | 169 | | |
| | | | | 23 | पिठौली आ.वि., पिठौली | कावासोती-१३ | 6 | 1 | 111 | | |
| | | | | 24 | दिपेन्द्र आ.वि. , अग्यौली | कावासोती-१६ | 8 | 1 | 230 | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 25 | शहिदस्मृति सा.मा.वि. | कावासोती-३ | 14 | 11 | 393 | | |
| | | | | 26 | जनकल्याण मा.वि., रिठ्ठेपानी | कावासोती-१ | 14 | 5 | 348 | | |
| | | | | 27 | ज्ञानोदय मा.वि. | कावासोती-८ | 15 | 7 | 617 | | |
| | | | | 28 | जनकल्याण मा.वि., कावासोती | कावासोती-८ | 10 | 4 | 358 | | |
| | | | | 29 | चण्डेश्वरी मा.वि., गोडार | कावासोती-१५ | 15 | 7 | 508 | | |
| | | | | 30 | शिव मा.वि., शिववस्ती | कावासोती-२ | 25 | 4 | 1640 | | |
| | | | | 31 | जनता मा.वि., बिष्णुनगर | कावासोती-६ | 19 | 4 | 779 | | |
| | | | | 32 | सरस्वती मा.वि., हसौरा | कावासोती-४ | 20 | 14 | 1015 | | |
| | | | | 33 | जीवन ज्योति मा.वि. कावासोती | कावासोती-३ | 15 | 10 | 377 | | |
| | | | | 34 | कालिका मा.वि., लक्ष्मीनगर | कावासोती-५ | 13 | 7 | 326 | | |
| | | | | 35 | जनता मा.वि., मगरकोट | कावासोती-१० | 18 | 4 | 467 | | |
| | | | | 36 | सरस्वती मा.वि., गोछडा | कावासोती-१७ | 20 | 13 | 770 | | |
| | | | | 37 | त्रिभुवन बाल मा.वि., ढोकी | कावासोती-१७ | 23 | 14 | 1147 | | |
| | | | | 38 | शान्ति निकुञ्ज मा. वि., कञ्चनटार | कावासोती १२ | 13 | 4 | 350 | | |
| | | | | 39 | जनता मा.वि., त्रिभुवनटार | कावासोती-१४ | 21 | 5 | 651 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>40</td><td>जनता मा.वि. शहीदनगर, डण्डा</td><td>कावासोती-१६</td><td>20</td><td>9</td><td>1008</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>382</td><td>174</td><td>13477</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
पेश्की व्यवस्थापनः<br>
पेश्की- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फस्र्योट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको रु. ४३२००००।- तथा म्याद नाघेको रु. ५२५७४२२।- समेत जम्मा रु. ९५७७४२२।- पेश्की फस्र्योट गर्न बाँकी देखिएको छ । नियममा व्यवस्था भए बमोजिम कार्यालयले पेश्की फछ्र्योट गर्नुपर्दछ ।
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१५.१</td><td>गुमा पौडेल मिति २०७९।३।२४</td><td>६,७०,५१६</td></tr>
<tr><td>१५.२</td><td>शिव मा.वि. मिति २०७९।१।६</td><td>३०,००,०००</td></tr>
<tr><td>१५.३</td><td>नेपाल विद्युत प्राधिकरण मिति २०७८।५।२७</td><td>२,८८,९०६</td></tr>
<tr><td>१५.४</td><td>नेपाल विद्युत प्राधिकरण मिति २०७९।२।२५</td><td>७,००,०००</td></tr>
</table>
</td><td>४,६५९,४२२</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>
बढी दरमा खरिद<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था निम्न भौचरबाट हिउँदे घाँसको विउ खरीद गर्दा जिल्ला दर रेट भन्दा बढी दरमा खरिद गरि भुक्तानी भएकोले पलिकालाइ बढी व्ययभार पर्न गएकोले अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.मिति</th><th>घाँसको नाम</th><th>खरिद दर</th><th>जिल्ला दर</th><th>परिमाण</th><th>फरक दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>२९०,५६३</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३३।२०७८।७।१६ | जै घाँस | ११० | ६३ | १५५० | ४७ | ७२८५० | | |
| | | | | | बर्षिम घाँस | ३४० | ३३६ | ३५० | ४ | १४०० | | |
| | | | | १८३।२०७८।८।१५ | जै घाँस | ११० | ६३ | ७३५ | ४७ | ३४५४५ | | |
| | | | | | बर्षिम घाँस | ३४० | ३३६ | ४८ | ४ | १९२ | | |
| | | | | २३८।२०७८।९।८ | जै घाँस | ११५ | ६३ | १२०० | ५२ | ६२४०० | | |
| | | | | | बर्षिम घाँस | ३४५ | ३३६ | १०८ | ९ | ९७२ | | |
| | | | | २८७।२०७८।९।२७ | जै घाँस | ६३ | ६३ | ३२६ | ४७ | १५३२२ | | |
| | | | | | बर्षिम घाँस | ३४० | ३३६ | १०८ | ४ | ४३२ | | |
| | | | | ७९६।२०७९।३।७ | वंगुरको पाठा पाठी | ५५०० | ४७२५ | ५४ | ७७५ | ४१८५० | | |
| | | | | ६९।२०७८।११।२७ | सुडान घांस | १२५ | १०५ | ३०३० | २० | ६०६०० | | |
| | | | | जम्मा | | | | | | २९०५६३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **औषधि खरिद**<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. GMP सर्टीफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको।<br><br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br><br>• तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १८ | | | **कृषि तथा पशुमा अनुदान**<br>सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ ।यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्।अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन समेत लिई लागत सहभागिता नभएका कार्यक्रममा समेत अनिवार्य लागत सहभागिता सुनिश्चित गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ।<br>कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । | |

| सि.नं. | योजना तथा कार्यक्रम | खर्च रकम | अनुदान | लाभग्राही |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | प्रतिशत | संख्या |
|---|---|---|---|---|
| १ | आ.व. ०७७/७८मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम निरन्तरता | ११५४५६१ | ५० | १३५ |
| २ | आ.व. ०७७/७८मा स्थापना भएका बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम निरन्तरता | ७००००० | ५० | १०५ |
| ३ | तरकारी बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन | १२००००० | ५० | ४५ |
| ४ | गाई/भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन | २४९९७०० | ५० | २५ |
| ५ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान | १७९५१९७ | ५० | १८०० |
| ६ | मध्यम प्रविधियुक्त बहुउद्देश्यिय फलफूल नर्सरी स्थापना कार्यक्रम | ७५०००० | ८५ | २६९९ |
| ७ | रैथाने बाली प्रवद्धन कार्यक्रम (बाली विकास कार्यक्रम) | १२७४३३० | १०० | ३०० |
| ८ | कृषि उपज बजार पूर्वाधार निर्माणका लागि सहयोग | २५००००० | ८० | ३५० |
| ९ | किसान सूचीकरण कार्यक्रम | ३००००० | १०० | २२०० |
| १० | पशु आहारा मिसन कार्यक्रम | ३७८७५० | १०० | १५० |
| | जम्मा | १२५५२५३८ | | ७८०९ |

अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन

